२०७८/८/८ गतेको कारोबार दैनिक मा प्रकाशित)

# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड

(NERUDE LAGHUBITTA BITTIYA SANSTHA LTD)

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रीय स्तरको वित्तिय संस्था)

केन्द्रीय कार्यालय, बिराटनगर-३, बलराम-भूपी मार्ग

## १५ औं वार्षिक साधारणसभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०८)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७८/०८/०४ गतेको २८१ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको १५ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**(क) सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८/०९/१० गते शनिबार (तदनुसार DEC 25, 2021)
समय : बिहान ११:०० बजे ।
स्थान : उद्योग संगठन मोरङ्गको सभाहल, बिराटनगर-२

**(ख) १५ औं वार्षिक साधारणसभामा पेश हुने प्रस्तावहरु :**

<u>साधारण प्रस्तावहरु</u> :-

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.ब. २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारीत गर्ने ।

(२) आ.ब.२०७७/७८ को लेखापरीक्षण प्रतिवेदन तथा आ.ब.२०७७/७८ को नाफानोक्सान हिसाब, नगदप्रवाह विवरण एवम् २०७८ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरण स्वीकृत गर्ने ।

(३) आ.ब. २०७८/७९ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री मुरलीधर तिवारी (M Tiwari and Associates, Chartered Accountants) पून: नियुक्तीको लागी ग्राह्य हुनु हुन्छ) ।

(४)संचालक समितिबाट सिफारिस भए बमोजिम प्रस्तावित बोनश शेयरको कर प्रयोजनको लागि मात्र रु. ५५,८५,३९०।८४ (पचपन्न लाख पचासी हजार तीन सय नब्बे पैसा चौरासी मात्र) नगद लाभांश पारित गर्ने ।

(५) सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना संचालकको निर्वाचन गर्ने ।

<u>विशेष प्रस्तावहरु</u> :

(१) वित्तीय संस्थाको अधिकृत पुंजी बृद्धि गर्ने ।

(२) प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

कम्पनी सचिव

(३) संचालक समितिबाट सिफारिस भए बमोजिम वित्तीय संस्थाको २०७८ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु.४९,३८,७७,५७४। (उनान्चास करोड अड्तिस लाख सतहत्तर हजार पाँच सय चौहत्तर मात्र) को २१.४८७५९७६५३१ प्रतिशतले हुने रकम रु. १०,६१,२२,४२६। (दश करोड एकसठी लाख बाइस हजार चार सय छब्बिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने ।

(४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(५) यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागी संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

<u>विविध</u> ।

<u>(ग) बार्षिक साधारणसभा सम्बन्धी अन्य कुराहरु</u> :

(१) यस वित्तीय संस्थाको १५ औं बार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७८/०८/२६ गते देखि २०७८/०९/१० गते सम्म शेयर दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०८/२३ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लिमिटेड टेकु, काठमाण्डौमा नामसारीको लागि प्राप्त शेयर नामसारीको लिखतको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।

(२) साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राहि नम्बर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आइदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(३) यस वित्तीय संस्थाको १५ औं बार्षिक साधारणसभाको प्रतिवेदनहरु शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने छ । उक्त विवरणहरु यस वित्तीय संस्थाको वेबसाइट WWW.nerude.org.np मा पनि हेर्न सकिनेछ । कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भागलिन आउनहुन अनुरोध गरिन्छ ।

(४) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन ।

(५) साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले तोकिएको ढाँचाको (यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा उपलब्ध गराइने) फारम भरि यस वित्तीय संस्थाका शेयरधनीहरुलाई प्रतिनिधि(प्रोक्सी) नियुक्तगर्न सक्नेछन । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७८/०९/०८ गते विहान ११:०० बजे (अर्थात सभा शुरु हुन भन्दा ४८ घण्टा अगावै) यस संस्थाको केन्द्रीय कार्यालय विराटनगरमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहेमा साधारणसभा शुरु हुनुभन्दा अगाडि लिखित निवेदन दिई प्रतिनिधिको नियुक्ति बदर गर्न सकिनेछ । तर एक जना शेयरधनीले एक जनाभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै नियुक्ति बदर हुनेछ ।

(६) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन ।

(७) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(८) सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन सम्बन्धि कार्यक्रम साधारणसभा हुने दिनको ७ दिन अगाडी नै निर्वाचन समितिले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गर्नेछ । सो कार्यक्रम बमोजिम निर्वाचनको कार्य संचालन हुनेछ । निर्वाचन सम्बन्धि जानकारी लिनुपरेमा निर्वाचन समितिसंग सम्पर्क राख्नुपर्नेछ । संचालकको उम्मेदवार हुन चाहनेले कम्तिमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ । यस वित्तीय संस्थाको संचालक निर्वाचन निर्देशिका लिनचाहेमा तोकिएको शुल्क तिरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट लिनसकिनेछ । उम्मेदवार हुन शेयरधनी आफै उपस्थित हुनुपर्नेछ ।

(९) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

(घ) अन्य विस्तृत जानकारीका लागी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

(ङ) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

(च) सम्पर्कका लागि: फोन नं.०२१-४६३०३२/४६२१०१ (कार्यालय समय भित्र) ९८५११२२४०५, ९८४२२४२४९० (कार्यालय समय बाहेक) ।

(छ) e-mail: nerude@wlink.com.np

(ज) Website: www.nerude.org.np

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव